अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मितिः २०८१/०१/२७ गते।

# प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

**विषय :- आरोपपत्र दायर गरिएको ।**

---------------------------------------

जिल्ला महोत्तरी, जलेश्वर नगरपालिका, वडा नं. १ स्थित हाटबजार क्षेत्रमा भइरहेको ढलानमा गुणस्तरहीन कार्य गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जलेश्वर नगरपालिकाबाट आ.ब. २०७९/०८० मा संचालित जलेश्वर नगरपालिका वडा नं. १ महोत्तरी बरुणसर पोखरी नजिक रहेको बजार क्षेत्रभित्र पी.पी.सी. ढलान कार्यमा **जलेश्वर नगरपालिका नगर प्रमुख सुरेश साह सोनार, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल र अधिकृत छैठौं धिरेन्द्र झाले** पी.पी.सी. ढलान योजनाको वास्तविक भए गरेको कार्यभन्दा बढी कार्य गरेको भनी झुट्टा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ताको भुक्तानी बिल र अनुगमन प्रतिवेदन चेकजाँच नगरी भुक्तानीको लागि टिप्पणी पेश तथा सदर गरी सोही आधारमा रु.५,८४,६३७/- बढी रकम भुक्तानी गरेको देखिएकोले निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) बमोजिमको कसुर भएकोले निजहरुलाई रु.५,८४,६३७/- बिगो कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ।

**जलेश्वर नगरपालिकाका बरिष्ठ इन्जिनियर पवन कुमार झा, इन्जिनियर राकेश कुमार चौधरी र सव-इन्जिनियर दिपेश कुमार साह**ले पी.पी.सी. ढलान योजनाको वास्तविक भए गरेको कार्यभन्दा बढी कार्य गरेको भनी झुट्टा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ताको भुक्तानी विल तयार एवं भुक्तानी गर्न सिफारिस गरी रु.५,८४,६३७/- बढी रकम भुक्तानी गरेको देखिएकोले निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) बमोजिमको कसुर भएकोले निजहरुलाई रु.५,८४,६३७/- बिगो कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन साथै निजहरुले भए गरेका कुरा लुकाई/छिपाई नभए नगरेका कुरा देखाई गलत नापी किताब तयार गरेको देखिएकोले निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर भएको हुँदा निजहरुलाई सोही ऐनको दफा १९(२) बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ।

**जलेश्वर नगरपालिकाका नगर उप-प्रमुख रौशन खातुन, कार्यपालिका सदस्य सोगरा खातुन र जलेश्वर नगरपालिकाका वडा नं. १ का वडा अध्यक्ष अनिल कुमार झाले** योजना अनुगमन प्रतिवेदनमार्फत् बरुणसर पोखरी नजिक रहेको बजार क्षेत्रभित्र पी.पी.सी. ढलान योजनाको कार्य सन्तोष जनक भएको उल्लेख गरी

भए गरेका कुरा लुकाई/छिपाई नभए नगरेका कुरा देखाई गलत प्रतिवेदन दिई उपभोक्ता समितिलाई भुक्तानी गर्न सिफारिस गरेको कारणबाट रु.५,८४,६३७/- बढी रकम भुक्तानी भएको देखिएकोले निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर भएको हुँदा निजहरुलाई सोही ऐनको दफा १९(२) बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ।

**उपभोक्ता समितिका अध्यक्ष राकेश कुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष संतोषी देवीले** पी.पी.सी. ढलान योजनाको वास्तविक भए गरेको कार्यभन्दा बढी कार्य गरेको भनी मूल्याङ्कन गरी/गराई झुट्टा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ता भुक्तानी विल तयार गरी/गराई सोही आधारमा रु.५,८४,६३७/- बढी भुक्तानी लिएको देखिएकोले निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर भएको हुँदा निजहरुलाई रु.५,८४,६३७/- बिगो कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम सजाय गरी बिगो असुलउपर हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे